# टोखा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

मैजुहिटी, काठमाडौं
बागमतीप्रदेश, नेपाल

पत्र संख्या :- ०७६/०७७
चलानी नं :- ६४५४

मिति :- २०७७/२/२५

**विषयः- आ.ब. ०७७ /०७८ को लागि रोजगारमूलक आयोजनाहरु बर्षिक कार्यक्रममा समावेश गर्ने र रोजगार सेवा केन्द्रमा उपलब्ध गरिदिने सम्बन्धमा ।**

श्री वडा कार्यलायहरु (सबै)
टोखा नगरपालिका

उपरोक्त सम्बन्धमा तहाँको प.सं. २०७६/७७ च.नं.१४६ मिति २०७७/२/१८ को पत्रबाट सिफारिस भईआएको आ.ब. ०७७ /०७८ देखि सबै स्थानीय तहमा युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना संचालन गरिनेछ । सो आयोजनाहरु वडाबाट सिफारीस भएको हुनुपर्ने र स्थानीय तहबाट स्वीकृत भई आ.ब. ०७७ /०७८ को लागि रोजगारमूलक आयोजनाहरु बर्षिक कार्यक्रममा समावेश गरी सो आयोजनाहरुको अनुमानित लागत सहितको विवरण चालु आर्थिक वर्ष २०७६/७७ को आषाढ मसान्तभित्र श्री श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) को कार्यलयमा पठाउनु पर्ने भएकाले सो आयोजनाहरु बर्षिक कार्यक्रममा समावेश गरी र अनुमानित लागत सहितको विवरण चालु आर्थिक वर्ष २०७६/७७ को आषाढ २५ गते सम्ममा रोजगार सेवा केन्द्रमा उपलब्ध गरिदिनुहुन अनुरोध गरिन्छ ।

संलग्न :

१. युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना(सन्चालन लथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा २९, ३० र ३१ बमोजिम हुनु पर्ने छ । उक्त कार्यविधि प्रधानमन्त्री रोजगार कार्यक्रमको वेवसाईट www.pmep.gov.np मा हेर्न सकिने छ ।

२. रोजगार संयोजकको सम्पर्क नं. ९८४९५१७७६९

बिनोद सापकोटा
रोजगार संयोजक

सिंहदरबार, काठमाडौं, नेपाल
फोन नं. : ९७७-१-४२००४७७
फ्याक्स : ९७७-१-४२११८७७
E-mail :info@pmep.gov.np
info.pmep.np@gmai
Website : pmep.gov.np

नेपाल सरकार
**श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**
**(प्रधानमन्त्री रोजगार कार्यक्रम)**

मितिः २०७७/२/१८

प. सं. २०७६/७७
च. न. १४६

विषयः आ.ब.२०७७/०७८ को लागि रोजगारमूलक आयोजनाहरू वार्षिक कार्यक्रममा समावेश गर्ने बारे।

श्री स्थानीय तहहरू (सबै) ।
(मार्फतः संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार।)

प्रस्तुत विषयमा रोजगारीको हकसम्बन्धी ऐन, २०७५ बमोजिमस्थानीय तहमा सूचिकृत भएका बेरोजगार व्यक्तिहरूलाई न्यूनतम रोजगारीमा संलग्न गराउन गत आर्थिक वर्ष २०७५/७६ देखि सबै स्थानीय तहमा प्रधानमन्त्री रोजगार कार्यक्रम शुरूवात गरिएको व्यहोरा विदितै छ ।

चालु आर्थिक वर्ष २०७६/७७ मा पनि यसै प्रयोजनका लागि स्थानीय तहहरूबाट रोजगारमूलक आयोजनाहरू माग गरी कामको लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७६ बमोजिम यस मन्त्रालयबाट प्राथमिकीकरण गरी कार्यान्वयन गर्न स्थानीय तहहरूलाई आवश्यक बजेट सहित पठाईएको व्यहोरा समेत अवगतै छ ।

गत आ.ब.र चालु आ.ब.को कार्यक्रम कार्यान्वयनको अनुभव समेतका आधारमा आगामी आ.ब.२०७७/०७८ मा यस कार्यक्रम अन्तर्गत संचालन हुने रोजगारमूलक आयोजनाहरु सम्बन्धित स्थानीय तहहरूबाट स्वीकृत भई वार्षिक कार्यक्रममा समावेश गर्ने र ती आयोजनाहरुमा सूचिकृत बेरोजगारहरुलाई रोजगारी प्रदान गर्ने व्यवस्था गरिएकोले देहाय बमोजिम गर्नु गराउनु हुन माननीय मन्त्रीस्तर मिति २०७७/२/१४ को निर्णयानुसार अनुरोध छ।

१. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत स्थानीय तहहरूबाट संचालन हुने रोजगारमूलक आयोजनाहरू कामको लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (संचालन तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा ५ मा उल्लेखित क्षेत्रभित्र परेको, आयोजनाहरूको तर्जुमा र प्रस्ताव उक्त कार्यविधिको दफा ६ र ७ बमोजिम हुनुपर्ने भएकोले सो कार्यक्रम अन्तर्गत आगामी आ.ब. २०७७/०७८ मा संचालन गरिने आयोजनाहरु स्थानीय तहबाट तर्जुमा एवं स्वीकृत गराई वार्षिक कार्यक्रममा समावेश गर्ने।

सिंहदरबार, काठमाडौं, नेपाल
फोन नं. : ९७७-१-४२००४७७
फ्याक्स : ९७७-१-४२११८७७
E-mail :info@pmep.gov.np
info.pmep.np@gmai
Website : pmep.gov.np

नेपाल सरकार

## श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

(प्रधानमन्त्री रोजगार कार्यक्रम)

२. प्रधानमन्त्री रोजगार कार्यक्रमलाई सहयोग गर्ने गरी विश्व बैङ्कको वित्तीय सहयोगमा आगामी आ.ब. २०७७/०७८ देखि सबै स्थानीय तहमा युवा रोजगारीका लागि रूपान्तरण पहल आयोजना संचालन गरिनेछ । सो आयोजना अन्तर्गत स्थानीय तहहरूबाट संचालन हुने रोजगारमूलक आयोजनाहरूको ढाँचा, तर्जुमा र स्वीकृति युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा २९ ३०र ३१ बमोजिम हुनु पर्ने भएकोले सो आयोजना अन्तर्गत आगामी आ.ब. २०७७/०७८ मा संचालन गरिने आयोजनाहरु स्थानीय तहबाट तर्जुमा एवं स्वीकृत गराई वार्षिक कार्यक्रममा समावेश गर्ने ।

युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७६ प्रधानमन्त्री रोजगार कार्यक्रमको वेवसाईट www.pmep.gov.np मा हेर्न सकिने छ ।

३. यसरी माथि बुँदा १ र २ बमोजिम स्थानीय तहबाट स्वीकृत भई वार्षिक कार्यक्रममा समावेश भएका रोजगारमूलक आयोजनाहरूको अनुमानित लागत सहितको विवरण चालु आर्थिक वर्ष २०७६/७७ को आषाढ मसान्तभित्र सक्कलै प्रति वा Soft copy यस कार्यक्रमको इमेल ठेगाना info.pmep.np@gmail.com, वा info@pmep.gov.np मा पठाउने ।

(प्रकाश पन्थी)
शाखा अधिकृत

वोधार्थः

श्री अर्थ मन्त्रालय, बजेट तथा कार्यक्रम महाशाखा, सिंहदरवार, काठमाण्डौ ।